# गोलन्जोर गाउँपालिका

स्थानीय राजपत्र

खण्ड ९ संख्या १० मिति २०८२/१२/१०

भाग २

गोलन्जोर गाउँपालिका

## गोलन्जोर गाउँपालिकाको पशु विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२

# गोलन्जोर गाउँपालिकाको पशु विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२

यस गोलन्जोर गाउँपालिका भित्र कार्यान्वयन गरिने पशु विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२ गोलन्जोर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय ग्वालटार, सिन्धुलीबाट आ.व.०८२/०८३ मा पशु क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, प्रविधि हस्तान्तरण, क्षमता अभिवृद्धि, मूल्य श्रृंखलामा आधारित क्रियाकलापहरु, प्रोत्साहन अनुदान र दिगो विकासका लागि पशु विकास कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी परिणाममुखी बनाउन बाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (ण) मा व्यवस्था भए बमोजिम गोलन्जोर गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधी स्वीकृत गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यस कार्यविधिको नाम **"गोलन्जोर गाउँपालिकाको पशु विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि गाउँ सभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "अनुदान" भन्नाले यस गाउँपालिकाबाट बिनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम पशुपंक्षी तथा मस्त्य विकास क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकीकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका बित्तिय उतरदायित्व बहन गर्ने गरि प्रदान गरिने आर्थिक, वस्तुगत सहायता पूर्वाधार विकास वा उपलब्ध गराईने पशुपंक्षी तथा मस्त्य बस्तु, सामाग्री र उपकरण सम्झनु पर्दछ ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, पशुपंक्षी तथा मस्त्य उद्यमी, पशुपंक्षी तथा मस्त्य समूह, कृषि,पशुपंक्षी तथा मस्त्य सम्बन्धि सहकारी, कृषि,पशुपंक्षी तथा मस्त्य सँग सम्बन्धित समिति र कृषि,पशुपंक्षी तथा मस्त्य फर्म/कम्पनी/व्यवसायीहरुलाई सम्झनु पर्दछ ।

(ग) "पशु" शब्दले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर सम्झनु पर्दछ ।साथै पशु शब्दले पन्छी र माछालाई पनि बुझाउँछ ।

(घ) "पशुपंक्षी तथा मस्त्य बस्तु र सामाग्री " भन्नाले घरपालुवा जनावर जस्तै गाई भैसि भेडाबाखा माछा लगायत लाई बुझ्नु पर्दछ भने सामाग्री भन्नाले पशुपंक्षी तथा मस्त्य विकास का लागी आवश्यक पर्ने बिभिन्न प्रकारका सामाग्रीहरु जस्तै च्यापकटर,बिभिन्न प्रकारका घासँ,दाना आदिलाई सम्झनु पर्दछ ।

(ङ) “सार्वजनिक पूर्वाधार” भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने बजार पूर्वाधार, पशुपंक्षी तथा मस्त्यका लागी आवश्यक बिक्री कक्ष लगायत अन्य सार्वजनिक प्रयोजनका पशुपंक्षी तथा मस्त्य सम्बन्धि पूर्वाधारहरुलाई सम्झनुपर्दछ ।

(च) “सामुदायिक पूर्वाधार” भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राही समुदायबाट निर्माण हुने पूर्वाधार, उत्पादन तथा प्रशोधन पूर्वाधार, कृषि तथा पशु बजार पूर्वाधार, पशुपंक्षी तथा मस्त्य भण्डारण भवन, लगायत अन्य सामुदायिक प्रयोजनका पशुपंक्षी तथा मस्त्य सम्बन्धि पूर्वाधारहरुलाई सम्झनुपर्दछ ।

(छ) “निजी पूर्वाधार” भन्नाले कृषक वा फार्म वा कम्पनीबाट निर्माण हुने खोरगोठ, पोखरी, जस्ता उत्पादन, प्रशोधन, भण्डारण तथा बजार सम्बन्धि विभिन्न निजी प्रयोजनका पूर्वाधारहरुलाई सम्झनुपर्दछ ।

(ज) “लक्षित वर्ग” भन्नाले कृषक, कृषि उद्यमी/उद्योगी, कृषि फर्म/कम्पनी, कृषक समूह, कृषि सम्बन्धि सहकारी, कृषि सँग सम्बन्धित समिति र सदस्यहरुलाई सम्झनुपर्दछ ।

(झ) “सम्बन्धित कार्यालय” भन्नाले गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

**३. उदेश्यः- यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रमहरुको उदेश्यहरु देहाय बमोजिमको हुनेछन्**

(क) कार्यक्रमहरुको पारदर्शी एवम् प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने ।

(ख) कार्यक्रमहरुको सम्बन्धमा सरोकारवालाहरुलाई सुसूचित गर्ने ।

(ग) कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन एवम् प्रगति प्रतिवेदन पद्धतीलाई प्रभावकारी बनाउने ।

## परिच्छेद २
## व्यवस्थापकिय पक्ष

**४. अनुदान उपलब्ध गराउन सक्नेः**- यस कार्यविधि अनुसार गोलन्जोर गाउँपालिकाको स्वीकृत पशुपंक्षी तथा मस्त्य विकास कार्यक्रमहरुको उदेश्य, प्रमुख क्रियाकलापहरु र न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषय अनुसार प्रसार सेवा, क्षमता अभिवृद्धि, साना कृषक सम्बन्धि कार्यक्रम तथा आवश्यकता अनुसार व्यवसाय प्रवद्र्धनका कार्यक्रम संचालन गर्न अनुदान उपलब्ध गराउन सक्नेछ ।

**५.अनुदान रकमको सिमा र प्रतिशतः**- आ.व.०८२/०८३ को स्वीकृत आन्तरिक पशुपंक्षी तथा मस्त्य विकास कार्यक्रम अन्तर्गत उपलब्ध गराईने अनुदानको सीमा यस कार्यविधि अनुसार तोके बमोजिम हुनेछ । यसरी स्वीकृत कार्यक्रमको ८० प्रतिशतमा नबढने गरि अनुदान रकम उपलब्ध हुनेछ । भने प्राविधिक सेवा टेवा कृषि प्रसार अन्तर्गतका क्रियाकलापहरु तालिम, गोष्ठी, भ्रमण भत्ता, विभिन्न प्रदर्शनी, मेला, महोत्सव लगायतका कार्यहरु शत प्रतिशत गाउँपालिकाको खर्चमा संचालन हुनेछ ।

**६. माग संकलनः**-( १) यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन लक्षित वर्गबाट माग संकलन गर्न समयमै सूचना प्रकाशन गर्नेछ ।

(२) प्रकाशित सूचना बमोजिम विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड/आधारभूत/प्रसङ्गिक पक्ष पूरा गर्ने गरि ईच्छुक निवेदकले आवेदन पेश गर्नेछ ।

**७.लाभग्राहि छनौटः-** पशु विकास कार्यक्रम अन्तर्गत अनुदान प्रदान गरिने क्रियाकलापहरुको लागि प्रस्ताव मूल्यांकन तथा छनौट कार्यको लागि गोलन्जोर गाउँपालिकाको क्षेत्रगत अनुदान वितरण कार्यविधि, २०७५ बमोजिम हुनेछ । तर प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने पशुपंक्षी तथा मस्त्य प्रसारका नियमित क्रियाकलापहरु पशुपंक्षी तथा मस्त्य विकास शाखाद्धारा यस कार्यविधिको अधिनमा रही कार्यक्रम संचालन गर्न सकिनेछ ।

**८. अनुदान प्रवाहः-** (१) पशुपंक्षी तथा मस्त्य विकास कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु संचालन गर्दा अनुदानग्राहीलाई प्रदान गरिने सेवा सुविधा सम्बन्धि व्यवस्था दफा ५ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२)यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीले संचालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एवम् अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवम् भुक्तानी विधि उल्लेख गरी सम्बन्धित कार्यालयले अनुदानग्राही सँग सम्झौता गर्नेछ ।

**९. अनुदान भुक्तानीः** (१) नगद अनुदान दिने कार्यक्रमको हकमा अनुदान रकम सोझै बैंक खातामा जम्मा हुने गरि भुक्तानी गरिनेछ ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिमको हुनेछ । कार्यक्रमको प्रकृति अनुसार जिम्मेवार प्राविधिकले स्थलगत निरीक्षण गरि तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई भुक्तानी गरिनेछ ।

(३) अनुदानग्राहीले आफ्नो हिस्साको कार्य सम्पन्न गरेपछि मात्र कार्यालयले अनुदान तर्फको रकम भुक्तानी दिनेछ ।

**१०. कार्यक्रम अनुगमन, मूल्यांकनः** कार्यक्रमको अनुगमन गोलन्जोर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका पशुपंक्षी तथा मस्त्य विकास शाखा एवम् सम्बन्धित वडा कार्यालयबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै गर्न सक्नेछ । यसरी भएको अनुगमनको क्रममा दिइएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

**११. कार्यविधिमा संशोधन गर्न सकिनेः** गोलन्जोर गाउँपालिकाको पशु विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२ संशोधन गर्न आवश्यक परेको खण्डमा गोलन्जोर गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकबाट गर्न सकिनेछ ।

आज्ञाले

मान बहादुर बराल

प्रमुख प्रशाकीय अधिकृत